सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८

कर्णाली प्रदेशको पहिलो दैनिक

काँक्रेविहार

Kankrebihar National Daily

राष्ट्रिय दैनिक

❐ वर्ष : २५ ❐ अंक : १२९ ❐ शुक्रवार, ८ फागुन, २०८२ ❐ Friday, 20 Feb. 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

खुटिया-दिपायल फास्ट ट्र्याक अघि बढाउने प्रतिबद्धता

❐ काँक्रेविहार संवाददाता
डोटी, ७ फागुन

डोटीबाट प्रतिनिधि सभा सदस्यका उम्मेदवार रहेका सुदूरपश्चिम प्रदेशका पूर्वमुख्यमन्त्री त्रिलोचन भट्टले आफू निर्वाचित भएपछि कैलालीको खुटियादेखि डोटीको दिपायल हुँदै बझाङमा चीनसँगको उरई भञ्ज्याङ नाका जोड्ने 'फास्ट ट्र्याक' निर्माणलाई अगाडि बढाउने प्रतिवद्धता सार्वजानिक गरेका छन् ।

आफ्नो चुनावी प्रतिवद्धतापत्र सार्वजनिक गर्दै भट्टले संघीय सरकार अन्तर्गत रहेको यो योजना कार्यान्वयनका लागि जनप्रतिनिधिका रुपमा आफूले पहल गर्ने उल्लेख गरे । उनले आफू मुख्यमन्त्री हुँदा प्रदेश मन्त्रिपरिषद बैठकले निर्णय गरेरै यो सडकलाई भारत र चीनको सीमाना जोड्ने त्रिदेशीय सडकको रुपमा विकास गर्न संघीय सरकारलाई आग्रह गरेको बताएका छन् ।

'पहिले खुटिया-दिपायल फास्ट ट्र्याक भनेर सुरुवात गरिएको हो । म मुख्यमन्त्री हुँदा प्रदेश सरकारकै आग्रहमा संघीय सरकारले खुटिया-दीपायल हुँदै बझाङमा चीनसँगको उरै नाकासम्म जोड्ने गरी यो सडकको नामाकरण गर्दै अगाडि बढाउने निर्णय गरेको थियो,' भट्टले भने, 'हामीले नै पहल गरेर ट्र्याक खोल्ने काम पूरा भएको हो।' प्रतिनिधि सभा सदस्यमा निर्वाचित भएर गएपछि यो सडकलाई अगाडि बढाउन आफूले सरकार र सदनमा आवाज उठाउने छु ।'

सुदूरपश्चिमको विकासका लागि निकै महत्वपूर्ण रहेको खुटिया-दिपायल-उरै भञ्ज्याङ सडक डोटी र कैलालीमा केही खण्ड कालोपत्रे भए पनि निर्माण कार्यले गति लिन नसकेको उनले बताए । 'सहजपुर-बोगटान-दिपायल सडक कालोपत्रे गर्ने योजनालाई पनि पूर्वमुख्यमन्त्री भट्टले आफ्नो चुनावी प्रतिवद्धतापत्रमा समावेश गरेका छन् । दर्जनौं ग्रामीण क्षेत्रलाई यो सडक निर्माण कार्य पनि गति लिन सकेको छैन,'उनले भने ।

सहजपुरदेखि करिब ५० किलोमिटर संघीय सरकारले पिच गरिसकेको छ । भट्ट मुख्यमन्त्री हुँदा प्रदेश सरकारले यो सडकको डोटी खण्डलाई प्रदेश गौरवको आयोजनामा राखेको थियो । 'मेरै पालामा ठेक्का भएर केआइसिंहसम्म यो सडक बाँकी पृष्ठ ४

रास्वपाको वाचापत्र

स्पष्ट बहुमतको जनादेश माग्दै सुशासनको वाचा, २०४६ यताका सार्वजनिक पदाधिकारीको सम्पत्ति छानबिन गर्ने



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ७ फागुन

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आगामी निर्वाचनपछि स्पष्ट बहुमतसहित सुशासनमुखी स्थिर सरकार गठन गर्ने दाबी गरेको छ । बिहीबार कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर सुर्खेतमा आयोजित परिवर्तन उद्घोषसभामा रास्वपाले आफ्नो वाचापत्र सार्वजनिक गरेको हो ।

पार्टीका सभापति रवि लामिछाने, वरिष्ठ नेता बालेन साह, उपसभापतिद्वय डीपी अर्याल र स्वर्णिम वाग्ले, सहमहामन्त्री विपिनकुमार आचार्य र कर्णालीका विभिन्न क्षेत्रबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवाहरुले संयुक्त रूपमा सार्वजनिक वाचापत्र सार्वजनिक गरेका हुन् ।

वाचापत्रमा विभिन्न सय वटा वाचाहरु रहेको जानकारी दिँदै पार्टीका उपसभापति स्वर्णिम वाग्लेले अब ससानो सुधार नभइ राजकाजको जहाजलाई नै नयाँ दिशातर्फ मोड्ने समय आएको बताए । उनक ाअनुसार सुशासन, आर्थिक सुधार, शिक्षा, स्वास्थ्य, प्रकृति संरक्षण तथा संस्थागत सुधारका एजेन्डा स्पष्ट रूपमा अघि सारिएको छ ।

रास्वपाले वाचापत्रमा दलमुक्त राज्य व्यवस्था, मेरिटोक्रेसीमा आधारित नियुक्ति, सरकारी सेवामा 'लाइन होइन, अनलाइन' अवधारणा, संविधान तथा संस्थागत सुधारको बहस र प्रभावकारी कार्यान्वयनलाई प्राथमिकतामा राखेको छ । राज्यप्रति नागरिकको भरोसा बढाउने लक्ष्यसहित कार्यक्रम ल्याइने जनाइएको छ ।

रास्वपाले नेपाललाई आगामी पाँचदेखि सात वर्षभित्र सम्मानजनक मध्यमआय राष्ट्र बनाउने लक्ष्य लिएको छ । स्थिर मूल्यमा वार्षिक कम्तीमा ७ प्रतिशत आर्थिक वृद्धिदर कायम गरी पाँच वर्षभित्र बलियो आर्थिक आधार निर्माण गर्ने र प्रतिव्यक्ति आम्दानी कम्तीमा तीन हजार अमेरिकी डलर पुऱ्याउने वाचा पत्रमा रहेको उपसभापति वाग्लेले उल्लेख गरे ।

यस्तै, प्रचलित मूल्यमा नेपालको अर्थतन्त्रलाई १ सय अर्ब अमेरिकी डलर बराबरको आकारमा पुऱ्याउने लक्ष्यसमेत सार्वजनिक गरिएको छ । निजी क्षेत्रलाई स्वच्छ प्रतिस्पर्धाको आधारमा साझेदार बनाउँदै करको बोझ घटाउने, झन्झटिला प्रक्रिया हटाउने र लगानीमैत्री वातावरण बनाइने रास्वपाको वाचा छ ।

यस्तै, कृषि क्षेत्रलाई उत्पादनमुखी र सम्मानजनक आम्दानीको आधार बनाउने योजना अघि सार्दै पार्टीले मल, बीउ, बजार र मूल्य निर्धारणमा देखिएका अनिश्चितता अन्त्य गर्ने दाबी गरेको बाँकी पृष्ठ ४

जनताको मतले देशको भाग्य बदल्ने दिन फागुन २१ : रवि



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले आगामी निर्वाचनलाई देशको भाग्य र भविष्य बदल्ने अवसरका रूपमा चित्रण गरेका छन् । परिवर्तन उद्घोष सभालाई सम्बोधन गर्दै उनले रगतबाट नभइ जनताको भोटबाटै परिवर्तन सम्भव भएको बताए । 'निर्वाचन केवल मतदानको दिन होइन, देशको दिशा तय गर्ने दिन हो,' उनले भने, 'जनताले २१ गते अनुमोदन गरेर विश्वलाई देखाउनेछन् कि नेपाल अब अगाडि बढ्दैछ ।'

साथै लामिछानेले लोकतन्त्रमाथि खतरा रहेको भनाइप्रति आपत्ति जनाउँदै लोकतन्त्रको असली संरक्षक जनता नै भएको दाबी गरे । ' लोकतन्त्र जोगाउने ठेक्का कुनै नेता वा पार्टीले लिनु पर्दैन,' उनले भने, 'जनता जागेपछि लोकतन्त्र बलियो हुन्छ ।

उनले परिवर्तनका लागि शान्तिपूर्ण र लोकतान्त्रिक बाटो रोज्नुपर्नेमा जोड दिए । उनले भने, 'रोडबाट होइन, भोटबाट परिवर्तन गरौं । सभापति लामिछानेले बहुमतसहितको स्थिर सरकार आवश्यक रहेको बताउँदै रास्वपालाई स्पष्ट जनादेश दिन आह्वान गरे । 'पाँच वर्ष स्थायी सरकार नदिइए मुलुक फेरि अस्थिरतातर्फ जान सक्छ ।' उनले भने ।

रास्वपाले सबैभन्दा बढी युवा उम्मेदवार उठाएको दाबी गर्दै लामिछानेले पार्टीमा महिला, डाक्टर, इन्जिनियर, खेलाडी, विभिन्न पेशा, व्यवसायका प्रतिनिधिहरू समेटिएको बताए । 'यो पटक नेता जिताउने होइन, जनता जिताउने चुनाव हो ।' उनले भने,

सभापति लामिछानेले पाँच वर्षको स्थिर सरकारमार्फत् देशलाई सही दिशामा लैजान रास्वपा तयार रहेको वाचा गरे ।

कर्णालीको सभ्यता र समृद्धि जोगाउने पार्टी रास्वपा : बालेन



पार्टीका वरिष्ठ नेता बालेन्द्र साह (बालेन) ले कर्णालीको सभ्यता, सम्भावना र समृद्धिलाई जोगाउने पार्टी रास्वपा भएको बताए । नेता बालेनले कर्णाली देशको प्राकृतिक, सांस्कृतिक र ऐतिहासिक दृष्टिले महत्वपूर्ण क्षेत्र भएको उल्लेख गरे ।

'देशको सबैभन्दा ठूलो ताल रारा ताल, सबैभन्दा लामो नदी कर्णाली नदी, सबैभन्दा ठूलो जिल्ला डोल्पा र ठुलो स्थानीय तह कर्णालीमै छ', साहले भने, 'कर्णालीको गहिराइ आजसम्म कसैले सही रूपमा बुझ्न सकेनन् त्यो गहिराइ बुझ्ने पार्टी रास्वपा हो । उनले डोल्पामा पाइने बहुमूल्य यार्सागुम्बा विश्वबजारसम्म पुग्न सक्ने तर कर्णालीका स्याउ जस्ता कृषि उत्पादन देशभर सहजै नपुग्नु विडम्बना भएको बताए ।

साथै उनले सिन्जा उपत्यकालाई नेपाली भाषा र खस सभ्यताको उद्गमस्थलका रूपमा उल्लेख गर्दै त्यहाँको भाषा, लिपि, कला, संस्कृति, नाचगान र जात्राको संरक्षण गर्ने जनाएको छ। "सभ्यता जोगाउनु भनेको इतिहास र पहिचान रास्वपाले जोगाउनु दाबी गरे । भावी प्रधानमन्त्रीका प्रस्तावित उम्मेदवार समेत रहेका साहले कर्णालीमा अझै भोकमरी, बाल मृत्युदर र मातृ मृत्युदर उच्च रहेको बताए । 'गरिबीलाई भोग्ने जनता धेरै छन्, तर त्यसलाई सही रूपमा बुझ्ने नेतृत्वको अभाव छ,' नेताहरूले भने, 'त्यो पीडा बुझ्ने र समाधान खोज्ने नेतृत्व रास्वपाले दिन चाहन्छ ।'

साथै उनले 'कर्णालीका जनताको सपना अब हाम्रो सपना हो' भन्दै रास्वपाले कर्णालीबाटै परिवर्तनको यात्रा सुरु गरेको दाबी गरे ।

निर्वाचनको समयमा कर्मचारीले पालना गर्नुपर्ने आचरण

- कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै कार्य गर्नु/गराउनु, प्रचारप्रसारमा संलग्न हुनु वा प्रचारप्रसार गर्नु हुँदैन ।
- कुनै राजनीतिक दल वा उम्मेदवारलाई कार्यालय वा आफ्नो भवन, सवारी साधन वा अन्य सामग्री प्रयोग गर्न दिनु हुँदैन ।
- निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने विषयमा कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टिलिजेन्स-एआई) को प्रयोग गरी वा नगरी सामाजिक सञ्जालमा पोष्ट, रिपोष्ट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सनलगायतका कार्य गर्नु/गराउनु हुँदैन ।
- निर्वाचन प्रयोजनका लागि सम्प्रेषण गर्नुपर्ने सूचनाबाहेक अन्य कुनै प्रकारका आफूलाई प्राप्त जानकारी कुनै राजनीतिक दल वा उम्मेदवार वा अनधिकृत व्यक्तिलाई दिनु हुँदैन ।
- निर्वाचनसम्बन्धी कार्य गर्दा गराउँदा कसैको पक्ष वा विपक्ष लिनु हुँदैन ।

नेपाल सरकार

विज्ञापन बोर्ड

विदेशिएका मतदाता नफर्किँदा चिन्ता

❐ काँक्रेविहार संवाददाता
हुम्ला, ७ फागुन

निर्वाचनको मिति नजिकिँदै जाँदा जिल्लाका विभिन्न राजनीतिक दलहरूले दुर्गम बस्ती केन्द्रित घरदैलो अभियानलाई तीव्र बनाएका छन् । प्रचारका लागि समय सीमित हुँदै गएको र भौगोलिक कठिनाइका कारण उम्मेदवार तथा पार्टीका नेताहरू बिहानदेखि साँझसम्म मतदाताको घर-घरमा पुगिरहेका छन् ।

चुनावी प्रचारमा अग्रस्थानमा रहेको नेकपा (एमाले) ले हालसम्म जिल्लाका चार गाउँपालिकाका दुर्गम बस्तीमा घरदैलो अभियान सम्पन्न गरिसकेको जनाएको छ । एमाले हुम्लाका उपाध्यक्ष प्रकाशबहादुर शाहीका अनुसार पार्टीले दक्षिणी क्षेत्रका ताँजाकोट, अदानचुली, चंखेली र सर्केगाड गाउँपालिकाका सबै बस्तीमा पुगेर मतदातासँग प्रत्यक्ष संवाद गरिसकेको छन् । बुधबारदेखि खार्पुनाथ गाउँपालिका-१ बाट अभियान सुरु गरिएको र सिमकोट तथा नाम्खा गाउँपालिकामा अझै पुग्न बाँकी रहेकाले फागुन १७ गतेसम्म अभियान निरन्तर चल्ने उनले जानकारी दिएका छन् । अभियानका क्रममा मतदाताका गुनासा सुन्ने र चुनावी प्रतिबद्धता प्रस्तुत गर्ने काम भइरहेको उनले बताए ।

नेपाली काग्रेसले पनि ताँजाकोट र अदानचुली गाउँपालिकामा घरदैलो अभियान सम्पन्न गरी बुधबारदेखि चंखेली गाउँपालिकामा प्रचार थालेको जनाएको छ । काग्रेस हुम्लाका उपसभापति वसन्त रोकायाका अनुसार मतदाताले आफ्ना अपेक्षा खुलस्त रूपमा राख्न थालेका छन् । सर्केगाड, खार्पुनाथ र नाम्खा गाउँपालिकामा अझै अभियान गर्न बाँकी रहेकाले बिहानैदेखि राति अबेरसम्म प्रचार कार्य जारी राख्नुपर्ने अवस्था रहेको उनले बताए ।

यसैगरी नेपाली कम्युनिस्ट पार्टीले चंखेली, अदानचुली, ताँजाकोट र सर्केगाड गाउँपालिकामा एकैसाथ प्रचार अभियान सुरु गरेको छ । पार्टीका सचिव धर्मराज बोहोराका अनुसार २८ जना केन्द्रीय सदस्य सहभागी भएर गाउँ-गाउँमा घरदैलो अभियान सञ्चालन भइरहेको छ । उम्मेदवार डा. दीपेन्द्र रोकायाको टोली हाल चंखेली गाउँपालिकामा केन्द्रित छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार टासी लाजोमको टोली खार्पुनाथ गाउँपालिकामा प्रचारमा खटिएको जिल्ला सभापति नरजित दमाईले जानकारी दिए । उक्त पार्टीले दक्षिणका पाँचवटै गाउँपालिकामा अभियान सम्पन्न गरी अब सिमकोट प्रवेशको तयारी गरेको छ ।

निर्वाचन नजिकिँदै गर्दा भारत र चीनको ताक्लाकोटमा रोजगारीका लागि गएका मतदाता मतदानका लागि नफर्किने हो कि भन्ने चिन्ता स्थानीयवासी र उम्मेदवारहरूमा बढेको छ ।

निर्वाचन आउन दुई हप्ता मात्र बाँकी रहँदा पनि ठूलो संख्यामा मतदाता गाउँ नफर्किँदा चिन्ता बढेको हो । कात्तिक-मङ्सिरतिर भारतका विभिन्न सहरमा काम गर्न गएका युवायुवती हालसम्म गाउँ नफर्किएका अदानचुली गाउँपालिका-४ का हिक्मत सिंहले बताए । उनले ६ वटै वडाबाट करिब एक हजार छ सयभन्दा बढी युवा भारत गएको र उनीहरू मतदानबाट वञ्चित हुने अवस्था देखिएको बताए ।

मजदुरीको पारिश्रमिक नपाएको कारण फर्किन नसकिएको जवाफ आफन्तबाट पाएपछि चिन्ता थपिएको उनको भनाइ छ । अदानचुली गाउँपालिकामा कुल चार हजार आठ सय ८९ मतदाता रहेका छन् । त्यस्तै ताँजाकोट गाउँपालिका-३ का जगतबहादुर शाहीका अनुसार करिब दुई सय मतदाता भारतका गोरखपुर, लखनउलगायतका सहरमा छन् ।

चंखेली गाउँपालिकाबाट पनि करिब दुई सय युवा भारतमै रहेको स्थानीयले बताएका छन् । मतदाता ल्याउन उम्मेदवारतर्फबाट खास पहल नभएको गुनासो समेत गरिएको छ । यसैबीच, सिमकोट र नाम्खा गाउँपालिकाका केही युवा उत्तरी छिमेकी चीनको ताक्लाकोटमा समेत रोजगारीमा रहेको नाम्खा गाउँपालिका-१ का प्रेमबहादुर लामाले जानकारी दिए । उनका अनुसार हाल ताक्लाकोटमा दुई सयभन्दा बढी मतदाता रहेका छन् र उनीहरू निर्वाचनमा सहभागी नहुने सम्भावना रहेको बताए ।

जिल्लाका सात स्थानीय तहमध्ये पाँच स्थानीय तहका करिब दुई हजार दुई सय मतदाता भारत र चीनमा रहेको बताइएको छ ।

हुम्लामा यसपटकको निर्वाचनका लागि कुल मतदाता संख्या ३४ हजार तीन सय ७२ जना रहेको छन् ।

सम्पादकीय

चुनाव प्रचारमा संयमता अपनाऔं

कर्णाली प्रदेशमा यही फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा राजनीतिक माहोल दिनानुदिन तातिँदै गएको छ । प्रदेशका १२ वटै निर्वाचन क्षेत्रमा दल तथा स्वतन्त्र उम्मेदवारहरू घरदैलो, कोणसभा र अन्तरक्रियामार्फत मतदाता समक्ष पुगिरहेका छन् । लोकतन्त्रको सुन्दर पक्ष नै प्रतिस्पर्धा हो, तर त्यो प्रतिस्पर्धा मर्यादित र संयमित हुन सके मात्र निर्वाचनको सार्थकता रहन्छ । उम्मेदवारहरूले विकास, रोजगारी, शिक्षा, स्वास्थ्य, सडक र खानेपानीका मुद्दा अघि सार्दै मत मागिरहेका छन् । सामाजिक सञ्जालमार्फत युवा मतदातालाई लक्षित गर्ने प्रवृत्ति पनि बढ्दो छ । यसले चुनावी बहसलाई व्यापक बनाएको छ, तर सँगै आरोप-प्रत्यारोप र उत्तेजनात्मक अभिव्यक्तिको जोखिम पनि बढाएको छ । जिल्ला बाहिर रोजगारी तथा अध्ययनका लागि रहेका मतदातालाई गाउँ फर्किन आग्रह गर्नु लोकतान्त्रिक अधिकारको सम्मान हो । कर्णालीबाट ठूलो संख्यामा युवा बाहिर रहेकाले उनीहरूको मत निर्णायक बन्न सक्छ । तर मतदातालाई प्रभाव पार्ने नाममा अनुचित दबाब, प्रलोभन वा दुष्प्रचार हुनु लोकतान्त्रिक संस्कृतिका लागि घातक हुन्छ ।

निर्वाचनलाई स्वच्छ, निष्पक्ष र मर्यादित बनाउन निर्वाचन आयोगले लागू गरेको आचारसंहिता कडाइका साथ पालना हुनु अनिवार्य छ । प्रचार-प्रसारको समयसीमा, खर्चको पारदर्शिता, सार्वजनिक स्थलको प्रयोग र मतदाता प्रभावित पार्ने गतिविधिबारे स्पष्ट व्यवस्था छ । यसलाई पालना गर्नु दल र उम्मेदवारको जिम्मेवारी मात्र होइन, लोकतन्त्रप्रतिको प्रतिबद्धताको परीक्षण पनि हो । सुरक्षा व्यवस्थाको दृष्टिले पनि तयारी व्यापक देखिन्छ । नेपाल प्रहरीले संवेदनशील र अतिसंवेदनशील केन्द्रको वर्गीकरण गरी आवश्यक जनशक्ति परिचालनको योजना बनाएको छ । यो तयारीले मतदातालाई निर्भीक वातावरणमा मतदान गर्न सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ । विशेष गरी डोल्पा जस्ता हिमाली जिल्लामा भौगोलिक विकटता ठूलो चुनौती बनेको छ । माथिल्लो डोल्पाका मतदान केन्द्रमा सामग्री ढुवानी र कर्मचारी परिचालनका लागि हेलिकप्टर प्रयोग गर्नुपर्ने बाध्यता आफैंमा राज्य संयन्त्रका लागि कठिन परीक्षा हो । हिमपात, चिसो र सडक सञ्जालको अभावबीच पनि निर्वाचन सम्पन्न गर्ने तयारी राज्यको प्रतिबद्धताको संकेत हो । तर यस्तो परिस्थितिमा कुनै पनि लापरबाही वा अव्यवस्था स्वीकार्य हुँदैन ।

निर्वाचन लोकतन्त्रको पर्व हो । यो प्रतिस्पर्धाको मात्र होइन, सहिष्णुता र संयमको पनि परीक्षा हो । दलहरूबीच विचारको भिन्नता स्वाभाविक हो, तर त्यो भिन्नता वैमनस्यमा बदलिनु हुँदैन । मतदातालाई भ्रमित गर्ने मिथ्या सूचना, जातीय-क्षेत्रीय विभाजनका उत्तेजक अभिव्यक्ति र व्यक्तिगत आक्षेपले लोकतान्त्रिक संस्कृतिलाई कमजोर बनाउँछ । कर्णाली जस्तो भौगोलिक रूपमा विकट र विकासका दृष्टिले पछि परेको प्रदेशमा निर्वाचनले आशा जगाउनुपर्छ, निराशा होइन । त्यसका लागि सबै पक्षले संयम अपनाउनु आवश्यक छ । आचारसंहिताको पूर्ण पालना, पारदर्शी खर्च, मर्यादित अभिव्यक्ति र शान्तिपूर्ण वातावरण सुनिश्चित गर्न सके मात्र फागुन २१ को निर्वाचन कर्णालीका लागि नयाँ सम्भावनाको ढोका बन्न सक्छ । अन्तत : मतदाताले विवेकपूर्ण निर्णय गर्ने छन् । उनीहरूलाई निर्भीक, स्वतन्त्र र सम्मानजनक वातावरण उपलब्ध गराउनु राज्य, दल र सुरक्षा निकाय सबैको साझा दायित्व हो । चुनावी सरगर्मी बढ्दै जाँदा संयमता, सहिष्णुता र मर्यादाको सरगर्मी पनि उत्तिकै आवश्यकता छ ।



✍ सञ्जीव पौडेल

सत्ताको सिँढी : रगत र राजनीति

पछिल्लो भदौको घटनाले वास्तविकतालाई अर्कै कोणबाट बयान गरिरहेको छ । ती दिनहरूमा जसले सडक तताए, जसले विद्रोहको नाममा उत्तेजना फैलाए, जसले ज्यान जाने अवस्था सिर्जना हुने गरी भिड उकासे ती स्वयं भने पर्दाभित्र सुरक्षित बसे ।

नेपालको आधुनिक राजनीतिक इतिहास केवल घटनाहरूको फेहरिस्त होइन, यो रगतको मसीले लेखिएको एउटा वियोगान्त महाकाव्य हो । जब हामी वि.सं. १९९७ सालतिर फर्केर हेर्छौं, राणा शासनको कठोर अन्धकार चिर्न चार जना वीर सपुतहरूले आफैंलाई होइन, देशलाई रोजे ।

शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द र गंगालाल श्रेष्ठले आफ्नो प्राणको आहुति दिए । त्यो बलिदान एउटा प्रारम्भिक कम्पन थियो, जसले सुतिरहेको नेपाली चेतनालाई पहिलोपटक झकझकायो । त्यतिबेला राज्य र जनता आमने-सामने उभिएका थिए । यो घटना लिखित अभिलेखभन्दा बढी सामाजिक स्मृतिमा सुरक्षित छ । यसले स्पष्ट पाऱ्यो कि त्यो समय राज्य आफैं जनताको विरोधी थियो ।

विरोधको जवाफ संवाद होइन, फाँसी र गोली थियो । यसरी नेपालको राजनीतिक इतिहासमा राज्य र जनताबीचको द्वन्द्व स्थापित भयो । दुःखद पक्ष के रह्यो भने, त्यहींदेखि एउटा परम्पराको जग बस्यो, जहाँ 'परिवर्तन' र 'रगत' पर्यायवाची मानिन थालियो । रगतले कसको कुर्सी सुरक्षित गर्छ भन्ने प्रश्न सधैं ओझेलमा रह्यो ।

वि.सं. २००७ सालमा झिनो अधिकारसहितको प्रजातन्त्र आयो । वि.सं. २०१५ मा निर्वाचन भएको दुई वर्ष नहुँदै २०१७ मै प्रजातन्त्र खोसियो । प्रजातन्त्र पुनर्बहालीका लागि २०३६ सालको आन्दोलन भयो । पञ्चायती व्यवस्थाको एकतन्त्रीय घेराभित्र दबिएको नागरिक चेतना सतहमा आएको यो पहिलो ठूलो विस्फोट थियो ।

विद्यार्थी, बुद्धिजीवी र सचेत नागरिकले स्वतन्त्रताको सास फेर्न चाहेका थिए । आन्दोलन मूलतः शान्तिपूर्ण र वैचारिक थियो, तर राज्यको प्रतिक्रिया सधैं झैं दमनकारी रह्यो । लाठीचार्ज, सामूहिक गिरफ्तारी र गोली प्रहार भए । आजसम्म ती मृतकहरूको ठोस सरकारी तथ्यांक उपलब्ध छैन ।

दर्जनौं घाइते र केही शहीदका तथ्यहरू इतिहासको छायाँमा दबिएका छन् । आन्दोलनले जनमत संग्रहसम्म बाटो खोल्यो, तर एउटा गम्भीर प्रश्न छोड्यो– के नागरिकको माग पूरा गर्न राज्यले सधैं हिंसा गर्नुपर्छ ? २०३६ ले सिकाएको पाठ यही थियो कि सडकमा रगत देखेपछि मात्र सत्ताले सुधारको कुरा गर्छ । यसले नेपाली राजनीतिमा 'सडक हिंसा' लाई वैधता दिएको पाइन्छ ।

२०४६ सालको जनआन्दोलन नेपाली राजनीतिमा 'सफल आन्दोलन' का रूपमा चित्रित हुन्छ । पञ्चायत ढल्यो । बहुदलीय प्रजातन्त्र आयो । जनताको अधिकारको ढोका खुल्यो । तर यसको मूल्य सस्तो थिएन । काठमाडौंका सडकदेखि तराईका फाँटसम्म गोली चलाइयो । आधिकारिक तथ्यांक नहुँदा अनुमानतः डेढ दर्जनभन्दा बढी नागरिक मारिए ।

हामीले बहुदल पाए पनि त्यसँगै एउटा खतरनाक सन्देश संस्थागत भयो कि परिवर्तनका लागि रगत बग्नु सामान्य कुरा हो । नेताहरूले मञ्चबाट घोषणा गरे, 'शहीदको सपना पूरा भयो' तर वास्तविकतामा शहीद परिवारका सपनाहरू तिनै नेताका चिल्ला गाडी र महलका जगमुनि पुरिए । २०४६ सालपछि 'शहीद' शब्दको अवमूल्यन सुरु भयो । रगतलाई सत्तामा पुग्ने 'सर्टकट' बाटोका रूपमा हेर्न थालियो ।

यसरी हजारौं मानिसको रगतले २४० वर्षभन्दा धेरै शासन गरेको राजतन्त्र ढल्यो । गणतन्त्र आयो । तर शहीदले परिकल्पना गरेको नेपाल यही थियो ?

२०४६ को उपलब्धिले आम जनताको जीवनमा खासै परिवर्तन आएन भनेर माओवादी सशस्त्र द्वन्द्व देखा पऱ्यो । वि.सं. २०५२ फागुन १ गते सुरु भएको यो युद्ध २०६३ मंसिर ५ गतेको शान्ति सम्झौतासम्म पुग्दा नेपाली समाजका लागि सबैभन्दा रक्तरञ्जित अध्याय बन्यो ।

आधिकारिक तथ्यांक अनुसार १७ हजारभन्दा बढी मानिस मारिए । करिब १३ सय बेपत्ता भए । लाखौं विस्थापित बने । युद्धमा राज्य र विद्रोही दुवै पक्षले 'मुक्ति' र 'न्याय' का नारा दिए, तर सबैभन्दा ठूलो मूल्य सर्वसाधारण नागरिकले तिरे । २०६२/०६३ को आन्दोलनमा २५ जनाभन्दा बढीले बलिदान दिए ।

यसरी हजारौं मानिसको रगतले २४० वर्षभन्दा धेरै शासन गरेको राजतन्त्र ढल्यो । गणतन्त्र आयो । तर शहीदले परिकल्पना गरेको नेपाल यही थियो ? युद्ध सकियो, राजनीति मूलधारमा आयो, संविधान बन्यो । तर पीडितका घाउहरू राज्यको प्राथमिकतामा परेनन् । रगतको मूल्य सत्ता र सम्झौताको बन्द कोठामा विलीन भयो ।

द्वन्द्वपछिको कालखण्डमा मधेश आन्दोलन सुरु भयो । यो ऐतिहासिक रूपमा उपेक्षित समुदायको आवाज थियो । २०६३ देखि २०६५ का बीचमा ३० भन्दा बढी मानिस मारिए । अधिकांश मृत्यु सुरक्षाकर्मीको गोलीबाट भयो । संविधानमा केही माग समेटिए, तर यहाँ पनि संवादभन्दा रगतले आफ्नो भावी बाटो कोरेको देखियो ।

२०६३ चैत ७ गते रौतहटको गौरमा भएको घटना नेपाली राजनीतिको गहिरो कलंक हो । २७ जनाको निर्मम हत्या भयो । शवहरू खुला ठाउँमा फ्याँकिए । राजनीति जनतालाई अमानवीय बनाउने उपकरण बनेको देखियो । यति ठूलो नरसंहारको न्यायिक निष्कर्ष आजसम्म निस्किएको छैन । आरोपितहरू अझै राजनीतिक मैदानमा सक्रिय छन् ।

त्यस्तै, २०७२ को टीकापुर घटनाले अर्को गहिरो घाउ बनायो । थरुहट आन्दोलनमा ७ जना सुरक्षाकर्मी र एक नाबालकको ज्यान गयो । देशभर ध्रुवीकरण बढ्यो । विडम्बना, हिजो दोषी ठहरिएका व्यक्तिहरू आज फेरि राजनीतिक दल बदल्दै सत्ताको केन्द्रमा छन् । जब दण्डहीनता राजनीतिमा संस्थागत हुन्छ, तब रगतको होली खेल्न कसैलाई डर लाग्दैन । हिजो राजनीति र अपराधको परिभाषा खोज्नेहरू आफ्नो स्वार्थ मिलेपछि अपराधलाई राजनीति बताइदिए ।

संविधान बनेपछि देशले राजनीतिक प्रणाली पायो । नागरिक अपेक्षा थियो, राजनीतिक दलहरू अब विकासमा केन्द्रित हुनेछन् । तर राजनीतिक दलहरूले यथार्थभन्दा भावनात्मक कुरा बढी गरे । एक अर्कामा आरोप-प्रत्यारोप सुरु गरे । सत्तामा हुँदा र प्रतिपक्षमा हुँदा बोली फेरियो । यति हुँदा पनि विश्व बैंक र युएनडीपीका तथ्यांक अनुसार विगत ३० वर्षमा नेपालले ठूला उपलब्धि हासिल गरेको छ ।

यो उपलब्धि २०४८ साल देखि नै सुरु भए पनि मुख्यत २०७२ देखि २०८२ सम्म भएका थिए । सडक सञ्जाल १४ हजार किलोमिटरबाट १ लाख किलोमिटर पुगेको छ । यो नेपालको कनेक्टिभिटीमा आएको क्रान्ति हो । यसले ग्रामीण अर्थतन्त्रलाई बजारसँग जोडेको छ । विद्यालयको संख्या र साक्षरता दर बढेको छ । पालिका-पालिकामा स्वास्थ्य चौकी र अस्पताल खुलेका छन् । स्वास्थ्यमा सुधार आएको छ ।

खानेपानी सुविधा १० प्रतिशत जनताले मात्रै पाएका थिए, अहिले झण्डै नब्बे प्रतिशत नागरिकलाई खानेपानी पुगेको छ । अन्धकार भएको देशमा झण्डै ९५ प्रतिशत बिजुली पुगेको छ । एचडीआई (ज्म्क्) मान ०.४६० बाट ०.६२० पुगेको छ । न्यून मानव विकासको ट्यागलाई पछि छोड्दै मध्यम मानव विकासको श्रेणीमा नेपाल प्रवेश गरेको छ । गरिबी ४२ प्रतिशतबाट १७ प्रतिशतमा झरेको छ ।

तर कृषिमा संलग्न जनसंख्या ६५ प्रतिशतबाट घटेर २७ प्रतिशतमा आएको छ । कृषि क्षेत्रबाट पलायन हुने जनशक्तिलाई व्यवस्थापन गर्नु अबको मुख्य चुनौती देखिन्छ । विगत ३० वर्षमा केही भएन भन्नु तथ्याङ्कगत रूपमा गलत हो । राजनीतिमा केही खराब व्यक्तिहरू हुन सक्छन् । अस्थिरता चाहनेहरूले भएका विकासलाई नजरअन्दाज गरी नकारात्मक सन्देश फैलाएका हुन सक्छन् ।

एक माओवादी नेताले भनेका थिए 'युद्धमा युवालाई मर्न तयार पारेका हौं । घर छोडेर आएका युवाले विज्ञान बुझ्दैनन्, उनीहरूलाई भावनामा विकास गरिएन भने मर्न तयार हुँदैनन् ।'

तर, पछिल्लो भदौको घटनाले वास्तविकतालाई अर्कै कोणबाट बयान गरिरहेको छ । ती दिनहरूमा जसले सडक तताए, जसले विद्रोहको नाममा उत्तेजना फैलाए, जसले ज्यान जाने अवस्था सिर्जना हुने गरी भिड उकासे ती स्वयं भने पर्दाभित्र सुरक्षित बसे । अगाडि उभ्याइए तिनै निमुखा युवा, जो भावनामा बगे, जो नारामा हराए, जो राजनीति बुझ्नभन्दा पहिले भिडमा धकेलिए उनीहरू त्यसको शिकार भए ।

एक माओवादी नेताले भनेका थिए 'युद्धमा युवालाई मर्न तयार पारेका हौं । घर छोडेर आएका युवाले विज्ञान बुझ्दैनन्, उनीहरूलाई भावनामा विकास गरिएन भने मर्न तयार हुँदैनन् ।' यही मनोविज्ञान भाद्रको विद्रोहमा पनि प्रयोग भएको देखिन्छ । विद्यालयका अबोध बच्चाहरूलाई भावनामा उक्साएर राजनीतिक हतियार बनाइयो । योजना बन्द कोठामा बन्छन्, तर मृत्यु सडकका निमुखा युवाले भोग्छन् ।

ढुंगा हान्ने, प्रहरीसँग जुध्ने र अन्त्यमा गोलीको सामना गर्ने आम युवाहरू थिए । तर निर्णय लिने र लाभ उठाउनेहरू सुरक्षित दूरीमा रहेकाहरू देखिए । १९ जनाको ज्यानको बदला भन्दै थप ५७ जनाको ज्यान गयो । यो कसले किन गऱ्यो ? यसका बारेमा धेरै खोजी भएको पाइँदैन यो विद्रोहको पछाडि कसको के उद्देश्य थियो छानबिन आयोग र भविष्यले बताउँदै जाला ।

अहिले फागुन २१ को चुनाव नजिकिँदै गर्दा, केही राजनीतिक दलहरूले भदौका ती घटनालाई आफ्नो चुनावी एजेन्डा बनाएको पाइन्छ । जसले युवालाई सडकमा पठाए, उनीहरू नै आज ' पीडितको आवाज' भनी नारा लगाइरहेका छन् । यो कस्तो विडम्बना हो ? दलहरूले ती मृतकका तस्बिरहरू पोस्टरमा टाँसेर भोट मागिरहेका छन् ।

अबका दिनमा रगतको व्यापार गर्नेहरूलाई चिन्नैपर्छ । 'रगत बगाउन सिकाउने नेता होइन, पसिना बगाएर देश बनाउन सिकाउने नेतृत्व' आजको आवश्यकता हो ।

उनीहरूलाई ती युवाको मृत्युको शोक होइन, बरु त्यो मृत्युले दिलाउने सहानुभूति भोटको लोभ छ । उनीहरूले रगतलाई राजनीतिक लाभका लागि सौदाबाजीको विषय बनाएका छन् । चुनावको मुखमा रगतको कुरा गरेर जनताको ध्यान विकास र सुशासनबाट मोड्ने प्रयास भइरहेको छ । रगतलाई राजनीतिको 'इन्धन' बनाउने यो खेल अब रोकिनुपर्छ ।

नेपाली राजनीतिमा एक गलत भाष्य स्थापित भयो– बलिदानबिना केही हुँदैन । तर बलिदान सधैं गरिबकै छोराले किन दिनुपर्छ ? नेताका छोराछोरी सुरक्षित बस्छन्, जनताका छोराछोरी अधिकारका लागि मर्छन् । नेपाली युवाहरू अब 'ढाल' बन्नु हुँदैन; 'विवेकी' बन्नुपर्छ । ढुंगा र गोलीको राजनीतिले देश बनेको भए नेपाल आज संसारकै समृद्ध हुन्थ्यो । तर यहाँ केवल चिहानहरू थपिए, मान्छेको जीवनको मूल्य थपिएन ।

अबका दिनमा रगतको व्यापार गर्नेहरूलाई चिन्नैपर्छ । 'रगत बगाउन सिकाउने नेता होइन, पसिना बगाएर देश बनाउन सिकाउने नेतृत्व' आजको आवश्यकता हो । भाषणको उत्तेजनामा आएर सडकमा ज्यान फाल्नुअघि सोच्नुपर्छ– के यो बलिदानले मेरो परिवार र देशको भविष्य बदल्छ कि केवल कसैको कुर्सी सुरक्षित गर्छ ?

अब समय आएको छ, रगत बगाएर सत्ता चढ्ने राजनीति टिक्नु हुँदैन । इतिहास रगतले लेखिन सक्छ, तर देशको भविष्य योजना, दृष्टिकोण, चेतना, विकास र शान्तिले मात्र बनाउँछ । भगवद् गीतामा भनिएको छ- सत्य खोज्ने भीडभन्दा माथि उठ्नुपर्छ । चाणक्य नीतिमा भनिएको छ, 'सत्य लोकप्रिय हुन्छ भन्ने छैन, तर लोकप्रियताका लागि सत्य त्याग्नु हुँदैन ।' विज्ञान भन्छ, 'लोकप्रियताले होइन, प्रमाण र परीक्षणले सत्य तय हुन्छ । तसर्थ सत्य खोज्न भीडको पछि नलाग्नु, विवेक, साहस र यथार्थको बाटो रोज्नु नै उत्तम हुन्छ । शहीदको नाम बेचेर गरिएको राजनीतिले कहिल्यै न्यायपूर्ण समाज निर्माण गर्न सक्दैन । अबको नेपाल 'शहीद थप्दै जाने देश' होइन, 'सुखी र समृद्ध नागरिकको देश' बन्नुपर्छ ।

रोचक

मो: मो खानकै लागि बालकले होटलवालालाई दिए ८५ लाखको गहना

छिमेकी देश भारतमा मो:मो खानको लागि एक किशोर घरमा भएको सबै गहनामो: मो बनाउनेलाई दिएको घटना सार्वजनिक भएको छ । उत्तर प्रदेशको देवरिया जिल्लामा कक्षा ७ मा पढ्ने एक किशोरले घर नजिकै करिब ८५ लाख रुपैयाँ बराबरका गहना मो: मो बेच्नेहरूलाई दिएको परिवारले दाबी गरेका छन् ।

परिवारका अनुसार किशोरको फूपु आफनो गहना लिन माइत आएकी थिइन् तर उनले दराजमा आफनो सबै गहना हराएको पाएपछि यो घटना बाहिर आएको हो । गहना हराएपछि परिवारले ती ७ कक्षामा पढ्ने बालकसँग सोधपुछ गरेपछि उनले घटनाको नालीबेली सुनाए ।

रामपुर कारखाना प्रहरी चौकीका एसओ देवेंद्र कुमार सिंहका अनुसार, मम खुवाउने बहानामा तीन युवाले १४ वर्षीय किशोरलाई फकाएका थिए।

आरोप अनुसार ती युवाले सुरुमा बालकसँग साथी बने र विस्तारै गहना ल्याउन उक्साउन थाले। गहना चोरी गरेको आरोपमा नाबालिगसहित चार अभियुक्तमा मुद्दा दायर भएको छ। यस अपराधमा दोषी ठहरिएमा ७ वर्षसम्म कैद र जरिवाना हुन सक्छ ।

देवरिया सदरका प्रहरी क्षेत्राधिकारी सुनील रेड्डीले यस घटनामा राकेश नामका एक अभियुक्त पक्राउ परेको पुष्टि गरेका छन्। साथै एक महिलालाई पनि हिरासतमा लिइएको छ। केही गहना पनि बरामद गरिएको प्रहरीले जनाएको छ ।

प्रहरी क्षेत्राधिकारी सुनील रेड्डीले पक्राउको पुष्टि गर्दै बाँकी अभियुक्तहरूको खोजी भइरहेको बताए। उनका अनुसार बाँकी गहना पनि चाँडै बरामद गरिनेछ।

कसरी खुल्यो रहस्य ?

यो घटना ती किशोरकी फुपु गहना लिन माइती आएकी थिइन् । नाबालिगका बुबाका अनुसार, उनकी बहिनीले गहना मागेपछि दराजमा राखिएका सबै गहना हराएको पत्ता लाग्यो ।

शंका लागेपछि छोरासँग सोधपुछ गर्दा उसलेमो: मोखानको लागि गहना डुमरी चौराहेका मो: मो पसलेलाई दिएको बताए ।

उनले भने,"मेरो छोरो गाउँमै बसेर पढ्छ। उसलाई मो: मो धेरै मन पर्थ्यो। यही कमजोरीको फाइदा उठाउँदै देवरिया-कसया सडकस्थित डुमरी चौराहेका मो: मो पसले तीन युवाले उससँग मित्रता गरे ।"

नाबालिगका काकाका अनुसार, परिवारका सबै दाजुभाइ-दिदीबहिनीका गहना एउटै घरमा राखिएको थियो ।

१ जोडी सुनको हार,९ वटा सुनका औंठी,२ वटा सुनका मांगटीका,२ जोडी सुनका कंगन, १३ वटा चाँदीका बिछिया,२२ वटा सुनका नथका किल, ४ वटा सुनका बिछिया, ५ वटा अन्य सुनका औंठी, र ४ जोडी सुनका कानका बाली हराएको किशोरका बुबाले दाबी गरेका छन् ।

यी सबै गहनाको अनुमानित मूल्य करिब ८५ लाख रुपैयाँ बताइएको छ।

अभियुक्तका परिवारले के भने ?

प्रहरी अनुसन्धानमा खुलेअनुसार, अभियुक्तहरूले सुरुमा बालकलाई फ्रिमा मो: मोखुवाएर साथी बने । त्यसपछि विस्तारै घरबाट गहना ल्याउन उक्साए ।

एसओ देवेंद्र कुमार सिंहका अनुसार, नाबालिगले बयानमा भनेको छ कि म म खानको बदलामा चारदेखि छ महिनासम्म लगातार गहना दिन्थ्यो ।

यस अवधिमा करिब हरेक दिन घरको आलमारीबाट एक-एक गहना निकालेर मो: मोको साटो दिन्थ्यो। प्रहरीका अनुसार, उमेरको कमीका कारण बालक अभियुक्तहरूको जालमा फस्यो।

प्रहरीले यस घटनामा दीपक कुमार, राकेश र पिन्टु विरुद्ध मुद्दा दर्ता गरेको छ। नाबालिगका परिवारले सबै गहनाको सूची प्रहरीलाई बुझाइसकेका छन् ।

प्रेरक प्रसंग

सफलताको लागि सोचाई शक्तिशाली कि वातावरण ?

एक जना किसानका दुई जना छोराहरू थिए । आफूले असफल बनाउँछ, एकै दिनमा हजारौं विचारहरु मस्तिष्कमा आउँदछन्, ती छोराहरूलाई राम्रो हुने काम गर्नुपर्दछ भन्दथ्यो तर आफूले भने दिनदिनै टन्न रक्सी पिएर घरमा आउँदथ्यो र श्रीमतीलाई मनपरी भन्ने, घरैबाट निकालिदिने, कुट्ने गर्दथ्यो। एक पटकको कुटाइ त यति ठूलो थियो कि घरको माथिल्लो तलामा कुट्न सम्म श्रीमतीलाई कुट्यो त्यसपछि श्रीमतीको लामो चुल्ठोमा समाएर तान्दै तान्दै भयङ्गनिर ल्याएर त्यहींबाट तल्लो तलामा घचेटिदियो श्रीमतीलाई ।

बिचरा श्रीमती रोएर चिच्याएर, कराएर मात्र के गर्नु, उसको दाहिने हात पनि भाँचियो। यस्तो झगडाको कुरा अनि कुटपिट गर्ने बाउको बानी ती दुई छोराहरूले आमाको गर्भदेखि नै सहँदै आएका थिए । त्यो निर्दयी जड्याहा बाउका क्रियाकलाप छोराहरूलाई सामान्य कुरा जस्तै भएका छन् । एकदिन झगडा गर्ने भए पो नयाँ अनि आश्चर्य हुने । दिनहुँ रक्सी पिएर झगडा गर्ने बाउको क्रियाकलाप तिनीहरूलाई सामान्य हुन्छ। अति दिकदार भएर ।

हामी सबैसँग मस्तिष्क छ यही मस्तिष्कले नै जीवन सफल वा मध्ये सकरात्मक विचारलाई जोड्ने र नकरात्मक विचारलाई सकरात्मक नबनाई छोड्दै नछोड्ने शक्तिको विकास गर्नुपर्दछ ।

बाउको रक्सी पिउने बानी, श्रीमती र आफ्नै छोराछोरी कुट्ने बानी झन् झन् बढ्दै गयो । उसकी श्रीमती चिन्तै चिन्तामे र उसको पिटाइले दुब्लाउँदै गई, अति बिरामी परी र अकालमै आफ्ना साना छोराहरूलाई टुहुरा बनाउन बाध्य भईन बिचरा उनी ।

श्रीमतीको मृत्युपछि २-४ महिनासम्म झगडा भएन, त्यसपछि फेरि उसले छोराहरूलाई मनपरी गर्न थाल्यो । बिचरा छोराहरू साना थिए । उनीहरू रुन बाहेक केही जान्दैनथे रक्सी नखाँदा भने उसले छोराहरूलाई माया नै गर्दथ्यो ।

दिनहरू बित्दै गए । उसका छोराहरू पनि जवान भए । त्यसपछि बाउले उनीहरूको विवाह गरिदियो । तिनीहरूमध्ये कान्छो छोरा चाहिँ अति धनी र प्रख्यात भयो भने जेठो छोराले आफ्नै बाउले झै रक्सी पिउने, सानो कुरामा पनि श्रीमतीसँग झगडा गर्ने, राति घर ढिलो आउने श्रीमतीलाई कुट्ने गर्न लाग्यो। एउटै बाउले जन्माएका, एउटै वातावरणमा हुर्केका र सँगै बसेर एउटै खानेकुरा खाएका छोराहरूमध्ये जेठो गरीब र कान्छो अति धनी तथा प्रख्यात हुँदा सबै गाउँले समेत अचम्म परेका थिए।

एकदिन त्यो गाउँका विशिष्ट व्यक्तिहरूले ती दुई छोराहरूको अन्तर्वार्ता लिए। पहिला जेठो छोरालाई सोधियो "तिमीलाई यसरी रक्सी खाने, झगडा गर्ने , श्रीमती पिटने प्रेरणा कसबाट प्राप्त भयो" त्यसपछि उसले उत्तर दियो मेरो आफ्नै बुबाबाट ।" अनि उनीहरूले अर्को प्रश्न कान्छो छोरालाई सोधेतिमी यसरी सबैभन्दा धनि, भलाद्मी, प्रख्यात हुने प्रेरणा को बाट प्राप्त भयो ?" उसले तुरुन्तै उत्तर दियो- "मेरो आफ्नै बुवाबाट।

मान्छे र मेसिन कतिबेला बिग्रन्छ थाहा हुँदैन । केही समय अगाडीको तपाईको प्रिय मान्छे आज नराम्ररी बिग्रीसकेको हुन सक्छ, फेरी तपाईलाई नै धोका दिएको बिग्रीएको मान्छे आज पूर्ण रुपमा सुधिएको हुन सक्छ । अतः मान्छे बिग्रने र सुध्रने भन्ने कुरा एक क्षणमा निर्धारण हुने गर्दछ, त्यसैले मान्छे प्रत्येक क्षण-क्षणमा अति होसियार हुनुपर्दछ ।

अतः बन्धुहरू । उही एउटै वातावरणमा हुर्केका छोराहरूमा पनि कति ठूलो अन्तर। तर अझै पनि उत्तर भने उनीहरूको एउटै छ। दुवै जनाको उत्तर एउटै छ। वातावरण पनि उही छ तर त्यत्ति ठूलो फरक किन ? हामीले बुझ्नै पर्ने गाँठी कुरा । दुवै जनाको उत्तर एउटै हुँदा सबैलाई आश्चर्य लाग्यो ।

त्यसपछि उनीहरूलाई यसो हुनाको कारण पनि सोध्न मन लाग्यो । त्यसपछि पुनः पहिलो प्रश्न जेठो छोरालाई नै सोधियो - "त्यसो भए ल भन तिमीले रक्सी पिउने, श्रीमती पिट्ने, झगडा गर्ने काम कसरी सिक्यौ ?" उसले उत्तरदियो "म सानो हुँदादेखि नै मरो बुबाले यसै गर्नुहुन्थ्यो । त्यही बुबाको वानी व्यहोरा देखेर मैले पनि जीवनमा यसै गर्नुपर्दछ भन्ने ठानेर यस्तो व्यक्ति बनेको हुँ ।

त्यसपछि कान्छो छोरालाई सोधियो "तपाईंको सफलताबारे हामीलाई बताइदिनुस् न ?" त्यसपछि उसले भन्यो "म सानो छंदा बुवाले रक्सी पिउने, पिट्ने गर्नुहुन्थ्यो ।

पाँच वर्षमा १५ लाख रोजगारी सृजना गर्ने कांग्रेसको योजना



काँक्रेबिहार संवाददाता
काठमाडौं, ७ फागुन

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले नेपाली युवाहरूका लागि आगामी पाँच वर्षमा १५ लाख रोजगारी सृजना गर्ने गरी योजना बनाएको बताएका छन्। कांग्रेसले चलाएको मिसन रोजगारीलाई निरन्तरता दिन र संविधानमा लेखिएको मौलिक हक अन्तर्गतको रोजगारी सृजना गर्ने गरी संकल्पपत्र तयार गरेको बताए।

उनले यत्तिकै पाँच हजार रोजगारी नभई कृषि, पर्यटन, भौतिक पूर्वाधार, सूचना प्रविधि लगायतका क्षेत्रगत विधामा योजना बनाएर रोजगारी सृजना गर्ने सङ्कल्प लिएको बताए। उनले भने, '५ हजार युवाहरूका लागि कार्यक्रम बनाउने छौं, चाहे त्यो संसद्मा होस् या सरकारमा होस्। यस बारेमा कार्यक्रम नै बनाएका छौं। उनले युवाहरूलाई डिजिटल स्वतन्त्रता र सृजनाको सम्मान गर्ने योजना कांग्रेससँग रहेको जिकिर गरे। अहिलेका युवाहरूसँग थुप्रै कला, साहित्य र सृजनाहरू छन्। उहाँहरूले सृजना गर्नु भएको छ। तर त्यसलाई बेच्न बजारमा पाइराख्नु भएको छैन। यसबाट स्वतन्त्रता खोज्नु भएको छ। यसका बारेमा हामी प्रस्ट छौं।'

उनले युवाहरूमा अर्को महत्वपूर्ण कुरा सीप र सृजनालाई चलायमान बनाउनुपर्नेमा जोड दिएका छन्। उनले भने, 'कुनै युवा वा युवतीले आफूले अध्ययन गरिरहेको शिक्षा वा सीपपछि गएर काम नलाग्ने गरी हुनु भएन। उसलाई दक्ष बनाइ राख्न अध्ययन गरिरहेको सीपमा थप गतिशीलता दिनु जरुरी छ किनकि अहिले बजार प्रतिस्पर्धाको छ।'

यस्तै सरकारले ब्रेन ड्रेनसँगै ब्रेन गेन अर्थात् युवाको दक्ष जनशक्ति पलायनसँगै दक्ष जनशक्तिलाई संस्थागत रूपमा कसरी ल्याउनेतर्फ पनि योजना बनाएको सुनाए। विदेश पलायन भएका युवाहरूलाई नेपालमै कसरी संस्थागत ढङ्गबाट काम गर्ने वातावरण सृजना बनाउन सकिन्छ भन्ने कुरा योजना तयार पारेका छौं।'

एमालेको घोषणापत्र 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने

काँक्रेबिहार संवाददाता
काठमाडौं, ७ फागुन

नेकपा एमालेले प्रतिनिधिसभा निर्वाचन-२०८२ लाई लक्षित गर्दै 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने संकल्पसहित आफ्नो घोषणापत्र सार्वजनिक गरेको छ। 'एमालेले बनाउँछ' भन्ने मूल नाराका साथ सार्वजनिक गरिएको घोषणापत्रको खण्ड 'ङ' र 'च' मा पार्टीले आफ्नो नेतृतवमा सरकार गठन भएमा गर्ने तत्कालका कामहरू र दीर्घकालीन विकासका २५ वटा आधारस्तम्भहरूलाई मुख्य बाचाका रूपमा अघि सारेको छ।

एमालेले विशेषगरी महिला, युवा, विद्यार्थी, श्रमिक र विपन्न वर्गलाई लक्षित गरी लोकप्रिय कार्यक्रमहरू घोषणा गरेको छ। घोषणापत्रमा एमालेले महिला तथा सामाजिक सुरक्षालाई उच्च प्राथमिकतामा राखेको छ। जसअनुसार घट्दो जनसंख्या वृद्धिदरलाई सन्तुलनमा ल्याउन र मातृशिशु स्वास्थ्य सुधार गर्न सुत्केरी हुने महिलालाई प्रतिजन्म २० हजार रुपैयाँ पोषण भत्ता दिने घोषणा गरिएको छ।

साथै, गर्भवती महिलाको ५ लाखसम्मको जीवन बीमा निःशुल्क गर्ने र उनीहरूको स्वास्थ्य परीक्षण तथा यातायात खर्च दोब्बर गर्ने प्रतिबद्धता एमालेले जनाएको छ। महिला उद्यमशीलता विकासका लागि २० लाख रुपैयाँसम्मको निर्व्याजी ऋण र विद्यालयका छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड उपलब्ध गराउने एमालेको योजना छ।

युवा तथा विद्यार्थीहरूका लागि एमालेले विशेष प्याकेज ल्याएको छ। प्राविधिक धारमा उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीलाई २० लाख रुपैयाँसम्मको निर्व्याजी ऋण उपलब्ध गराउने र उनीहरूलाई



पढ्दै कमाउँदै गर्ने वातावरण निर्माण गर्न 'इन्टर्नसिप' को व्यवस्था गरिनेछ। सूचना प्रविधि र स्टार्टअपमा लाग्ने युवाहरूलाई अन्तर्राष्ट्रिय कारोबार गर्न सहज होस् भन्ने उद्देश्यले १० हजार डलर बराबरको 'डलर कार्ड' उपलब्ध गराउने तथा १८ देखि २८ वर्ष उमेर समूहका युवालाई वार्षिक रूपमा मासिक १० जीबी डाटा निःशुल्क दिने बाचा पनि घोषणापत्रमा समेटिएको छ।

श्रमिक र विपन्न वर्गको उत्थानका लागि एमालेले न्यूनतम पारिश्रमिक मासिक २५ हजार रुपैयाँ पुऱ्याउने महत्त्वाकाङ्क्षी योजना अघि सारेको छ। वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूले वैधानिक बाटोबाट विप्रेषण (रेमिट्यान्स) पठाएमा उनीहरूको बैंक खातामा वार्षिक ५ हजार रुपैयाँ थप बोनस सरकारले जम्मा गरिदिनेछ। यसैगरी, गरिब तथा विपन्न परिवारले सहकारी तथा वित्तीय संस्थाहरूबाट लिएको २५ हजार रुपैयाँसम्मको ऋण मिनाहा गर्ने र उनीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा ल्याउने एमालेको प्रतिबद्धता छ।शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधार गर्न एमालेले शिक्षकहरूको मर्यादाक्रम तोक्ने, कक्षा १० सम्मका विद्यार्थीलाई दिवा खाजाको व्यवस्था गर्ने र स्वास्थ्य स्वयंसेविकाको भत्ता बढाएर २० हजार पुऱ्याउने घोषणा गरेको छ।

सुरक्षाकर्मीहरूको मनोबल उच्च राख्न उनीहरूको सम्मान र कल्याणका विशेष कार्यक्रमहरू सञ्चालन गरिने घोषणापत्रमा उल्लेख छ। यसका साथै, एमालेले समृद्धिका २५ स्तम्भहरू अन्तर्गत अर्थतन्त्रको आकार १० वर्षमा २०० खर्ब पुऱ्याउने, स्वदेशमै रोजगारी सिर्जना गर्ने, सुरक्षित आवास र आधुनिक सहर निर्माण गर्ने र पूर्व-पश्चिम रेलमार्ग तथा मेट्रो रेल जस्ता ठूला पूर्वाधारहरू निर्माण गरी मुलुकको मुहार फेर्ने संकल्प गरेको छ। डिजिटल नेपाल, सुशासन, कृषिमा आधुनिकीकरण र भ्रष्टाचार नियन्त्रणलाई पनि एमालेले प्रमुखताका साथ समावेश गरेको छ।

स्याउ बगैंचा व्यवस्थापनमा किसान सक्रिय



काँक्रेबिहार संवाददाता
हुम्ला, ७ फागुन

कर्णाली प्रदेश अन्तर्गत हिमाली जिल्ला हुम्लाका किसान यतिबेला स्याउ बगैंचाको काँटछाँट तथा व्यवस्थापन कार्यमा व्यस्त देखिएका छन्। स्याउका बोटमा समयमै काँटछाँट, मलजल र सिँचाइको उचित व्यवस्था गर्दा फूल राम्रो फुल्ने र गुणस्तरीय फल उत्पादन हुने प्राविधिक सुझाव पाएपछि किसानहरू बगैंचा सुधारतर्फ लागेका हुन्।

विगत पाँच दिनदेखि आफ्ना ५० बोट स्याउ रहेको बगैंचाको व्यवस्थापनमा जुटेको सिमकोट गाउँपालिका-५ का किसान मानवीर रोकायाले बताए। सबै बोटको काँटछाँट गर्नुका साथै मल राख्ने खाल्डो खन्ने, सिँचाइ गर्ने र बोटको डाँठमा बोडो पेस्ट लगाउने कार्य गरिरहेका छन्। यसअघि बगैंचाको नियमित हेरचाह नगरे पनि गत वर्ष कृषि प्राविधिकबाट तालिम पाएपछि आफू सक्रिय भएको रोकायाले बताए।

त्यसैगरी नाम्खा गाउँपालिका-१ स्थित हेप्का खोलामा साढे तीन सय स्याउका बोट लगाएका किसान पासाङ लामाले पनि बगैंचा व्यवस्थापनको काम तीव्र रूपमा भइरहेको जानकारी दिए। उनले हाल फल दिइरहेका स्याउका बोटहरूको काँटछाँट पूरा भइसकेको र अहिले सिँचाइको काम भइरहेको उनले बताए।

हुम्लामा माघ्सिर अन्तिम सातादेखि नै स्याउ बगैंचा व्यवस्थापन सुरु गर्न सकिन्छ भने उच्च हिमाली क्षेत्रहरूमा फागुन महिनाभर काँटछाँट गर्न सकिने कृषि विकास कार्यालयका प्रमुख चूडामणि पन्तले बताए। पन्तका अनुसार जिल्लामा ५० बोटभन्दा बढी स्याउ बगैंचाको संख्या एक सय ५० भन्दा बढी पुगेको छ।

विभिन्न सहयोगी निकायको सहजीकरणमा किसानहरू अहिले काँटछाँट, मलजल र बोडो पेस्ट प्रयोगलाई प्राथमिकता दिन थालेका छन्। किसानको बढ्दो सक्रियतासँगै हुम्लामा व्यावसायिक स्याउ खेतीको सुरुआत भएको र यसले आगामी दिनमा उत्पादन वृद्धि गर्ने विश्वास कार्यालयले व्यक्त गरेको छ। हुम्लाका सातवटै गाउँपालिकामा स्याउ खेतीका लागि उपयुक्त मानिन्छन्।

मतदाता शिक्षा अभियान विस्तार

काँक्रेबिहार संवाददाता
सल्यान, ७ फागुन

सल्यानमा गत प्रतिनिधिसभा निर्वाचनमा देखिएको बदर मतको संख्या घटाउने उद्देश्यले जिल्ला निर्वाचन कार्यालय सल्यानले मतदाता शिक्षा कार्यक्रम अघि बढाएको छ।

प्रतिनिधिसभा निर्वाचन २०७९मा सल्यान जिल्लामा एक लाख ५७ हजार सात सय एक मतदाता रहेका थिए।

तीमध्ये प्रत्येक्षतर्फ ८३ हजार सात सय चार मत खसेकोमा ७६ हजार तीन सय २८ मत सदर भएको थियो भने सात हजार तीन सय ७६ मत बदर भएको तथ्यांक रहेको छ। खसेको कुल मतको आठ दशमलव ८१ प्रतिशत बदर भएको देखिएकाले यो अवस्था सुधार्न वडास्तरमै मतदाता शिक्षा



कार्यक्रम सञ्चालन गरिएको जिल्ला निर्वाचन अधिकारी धिरेन्द्र भण्डारीले जानकारी दिए। उनका अनुसार गाउँ-गाउँमा पुगेर मत हाल्ने सही तरिका, मतपत्रमा चिन्ह लगाउने विधि तथा सामान्य त्रुटिबारे मतदातालाई सचेत गराइँदै आएको छ।

जिल्लामा वास्तविक मतपत्र जस्तै नमुना मतपत्र प्रयोग गरी अभ्यास गराउने कार्यक्रम पनि तय गरिएको उनले बताए। गत निर्वाचनमा समानुपातिकतर्फ ८४ हजार सात सय ८९ मत खसेकोमा ७८ हजार पाँच सय ७४ मत सदर भएको थियो भने छ हजार दुई सय १५ मत अर्थात सात दशमलव ३३ प्रतिशत बदर भएको कार्यालयको तथ्यांकमा उल्लेख छ।

त्यसैगरी प्रदेशसभा निर्वाचन २०७९ अन्तर्गत प्रदेशसभा (क) को प्रत्येक्षतर्फ पाँच दशमलव ७० प्रतिशत र प्रदेशसभा (ख) को प्रत्येक्षतर्फ चार दशमलव ७४ प्रतिशत मत बदर भएको थियो।

प्रदेशसभाको समानुपातिकतर्फ समेत सात दशमलव ५१ प्रतिशत मत बदर भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ। हाल सल्यान जिल्लामा कुल मतदाता संख्या एक लाख ६२ हजार चार सय ४९ रहेको छ।

तीमध्ये ७९ हजार एक सय २८ महिला र ८३ हजार तीन सय २१ पुरुष मतदाता रहेका छन्।

चिङ्गाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
अवलचिङ्ग, सुर्खेत
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

१. खरिद गरेको समानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने।
२. नापतौन सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने।
३. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ।
४. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ।
५. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने।
६. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ।
७. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ।
८. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं।
९. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ।
१०. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ।
११. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत यौगशील प्रयोग गर्ने। १६, स्वच्छ पानी र स्वच्छ कच्च्या पदार्थको प्रयोग गर्ने।
१२. ढाँटी भुक्काइ कम गुणस्तरको खाद्य वस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१३. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं।
१४. उद्योग व्यवसाय संञ्चालनका लागि अनिवार्य सरकारी निकायवाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ।
१५. जथाभावी ढुंगा गिट्टि, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगरौं।
१६. बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रुख रोपौ, वन जोगाऔं।
१७. विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं।
१८. खानेपानीका मुहानहरु सदैव सफा राखौ।

कर्णाली प्रदेश सरकार
उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय
उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
सुर्खेत

आशयपत्र सम्बन्धी सूचना

प्रकाशित मितिः- २०८२/११/०८

यस निर्देशनालयको Laghu Audhogikgram Pujigat Sudhar र Construction of Office boundary wall, gate and waiting area सम्बन्धी नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२/०९/२१ मा प्रकाशित सूचना नं. क्रमशः DICP/SKT/Works/NCB-01/2082/-083 र DICP/SKT/Works/NCB-02/2082/-083 अनुसार e-GP System बाट रितपूर्वक दाखिला भएका बोलपत्रहरुमध्ये देहायका कामका लागि देहायका बोलपत्रहरु न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही ठहर भइ यस निर्देशनालयबाट स्वीकृतीको लागि छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) बमोजिमको आशयको सूचना सोही ऐनको दफा ४७ को प्रयोजनको लागि प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

सि. नं.	गर्नु पर्ने काम	न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही ठहर भएका बोलपत्र	बोल अंक (मु.अ.कर र पि.एस. बाहेक) रू.
१	Laghu Audhogikgram Pujigat Sudhar	अक्षता निर्माण सेवा, वीरेन्द्रनगर-६, सुर्खेत	१६,३२,६६८/१०
२	Construction of Office boundary wall, gate and waiting area	अक्षता निर्माण सेवा, वीरेन्द्रनगर-६, सुर्खेत	१३,७८,०८९/६०

निर्वाचनका लागि मतपत्र आइपुगे

❐ काँक्रेबिहार संवाददाता
जाजरकोट, ७ फागुन

फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि आवश्यक मतपत्र जाजरकोट जिल्लामा आइपुगेको छ। जिल्ला निर्वाचन कार्यालय जाजरकोटका अनुसार प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ एक लाख १५ हजार र समानुपातिक निर्वाचन प्रणालीतर्फ एक लाख १८ हजार मतपत्र जिल्लामा सुरक्षित रूपमा प्राप्त भएका छन्।

निर्वाचनका लागि आवश्यक सम्पूर्ण मतपत्र समयमै जिल्लामा आइपुगेको र तिनको सुरक्षित भण्डारण तथा व्यवस्थापनको काम सम्पन्न गरिएको जिल्ला निर्वाचन अधिकारी रामलाल प्याकुरेलले जानकारी दिए। उनका अनुसार जिल्लामा रहेका कुल मतदाता संख्यालाई आधार मानी आवश्यकताभन्दा केही बढी मतपत्र पठाइएको हो, जसले कुनै पनि मतदान केन्द्रमा मतपत्र अभाव नहुने सुनिश्चित गर्नेछ।

निर्वाचन कार्यालयका अनुसार जाजरकोट जिल्लामा यस पटक एक लाख



सात हजार ९३ जना मतदाता रहेका छन्। ती सबै मतदाताले सहज रूपमा मतदान गर्न सकून् भन्ने उद्देश्यले मतदान केन्द्रको व्यवस्थापन, मतदाता सूची अद्यावधिक, सामग्री ढुवानी तथा कर्मचारी परिचालनका कामलाई तीव्रता दिइएको छ। यस निर्वाचनमा प्रतिनिधि सभा सदस्य पदका लागि ११ वटा राजनीतिक दलका उम्मेदवारहरू चुनावी प्रतिस्पर्धामा उत्रिएका छन्। जिल्लाका विभिन्न स्थानमा उम्मेदवार तथा दलहरूले प्रचार-प्रसारका कार्यक्रमलाई अन्तिम चरणमा पुऱ्याएका छन् भने निर्वाचन कार्यालयले निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र र मर्यादित बनाउन आवश्यक सबै तयारी तीव्र पारेको जनाएको छ।

फागुन २१ गते हुने मतदानका लागि जिल्लाभरका मतदान केन्द्रहरूमा आवश्यक भौतिक पूर्वाधार, मतदान सामग्री, मतपेटिका तथा गोप्य मतदान कक्षको व्यवस्था लगभग पूरा भइसकेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ। साथै मतदान अधिकृत, सहायक मतदान अधिकृत तथा अन्य कर्मचारीको खटन-पटनको काम पनि अन्तिम चरणमा पुगेको छ।

सुरक्षा व्यवस्थाका लागि सम्बन्धित निकायसँग समन्वय गरी मतदान केन्द्र तथा मतगणना स्थलमा आवश्यक सुरक्षाकर्मी परिचालन गर्ने तयारी गरिएको छ। निर्वाचनलाई शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सुरक्षा संवेदनशील क्षेत्रहरूमा विशेष निगरानीको व्यवस्था गरिने बताइएको छ। जिल्ला निर्वाचन कार्यालय जाजरकोटले सम्पूर्ण मतदातालाई निर्धक्क र उत्साहका साथ मतदान प्रक्रियामा सहभागी हुन आग्रह गरेको छ।

लोकतान्त्रिक अभ्यासलाई सुदृढ बनाउन प्रत्येक मतदाताको सहभागिता महत्वपूर्ण हुने उल्लेख गर्दै कार्यालयले तोकिएको मिति र समयमै मतदान केन्द्रमा पुगेर आफ्नो मताधिकार प्रयोग गर्न सबैलाई अनुरोध गरेको छ।

स्पष्ट...

छ। 'कृषि गरेर पनि सम्पन्न जीवनयापन गर्न सकिन्छ भन्ने आशा जगाउनुपर्छ।' उपासभापति वाग्लेले भने।

प्रवासी नेपालीलाई 'एकपटकको नेपाली, सधैंको नेपाली' अवधारणाअनुसार नागरिकताको निरन्तरता सुनिश्चित गर्न कानुनी पहल गरिने र विदेशमै बसेर लगानी तथा उद्यम गर्नसक्ने वातावरण बनाइने उल्लेख गरिएको छ।

यस्तै, वाग्लेले रास्वपाले आफूलाई नयाँ पुस्ताको वैकल्पिक राजनीतिक शक्ति भएको दाबी गरे। उनले पार्टी स्थापना र विस्तारमा सभापति रवि लामिछानेको पहललाई ऐतिहासिक कदमका रूपमा उल्लेख गर्दै, काठमाडौं महानगरपालिकामा स्वतन्त्र रूपमा निर्वाचित मेयर बालेन साहले देखाएको कार्यशैलीलाई सुशासनको उदाहरणका रूपमा प्रस्तुत गरे। 'एकपटक पाँच वर्ष सुशासनयुक्त स्थिर सरकार कस्तो हुन्छ, देशले देख्न पाउनुपर्छ' उनले भने।

यस्तै, रास्वपाले जेनजी आन्दोलनको छानबिन आयोगले दिने प्रतिवेदन कार्यान्वयन गर्ने वाचा गरेको छ। २०४६ सालदेखि महत्वपूर्ण सार्वजनिक पदमा बसेका व्यक्तिको सम्पत्ति छानबिन गर्ने रास्वपाको वाचापत्रमा उल्लेख छ।

रास्वपाको सरकार बनेपछि राज्यका निकायमा बसेका व्यक्तिले कुनै पनि पार्टीमा आवद्ध हुनु नपाउने व्यवस्था गर्ने जनाएको छ। रास्वपाले भनेको छ, 'राज्यका विभिन्न निकायहरू कर्मचारीतन्त, शिक्षण सेवा, प्राध्यापन, सुरक्षा निकाय, अदालत तथा संवैधानिक अंगहरू लगायत राज्यको सेवा सुविधा उपभोग गर्ने सबैको दलिय आवद्धता अन्त्य गर्न आवश्यक कानुनी र संस्थागत व्यवस्था कार्यान्वयन गर्छौं।'

यस्तै, सरकारी सेवाभित्रको दलगत ट्रेड युनियन खारेज गर्ने वाचा गरिएको छ। रास्वपाले सरकारमा आएपछि संविधान संशोधन गरेर प्रत्यक्ष निर्वाचित कार्यकारी बनाउने वाचा गरेको छ।

खुटिया...

कालोपत्रे भइसकेको छ। तर पछिल्ला प्रदेश सरकारले यसलाई निरन्तरता दिन सकेन्,' उनले भने, 'मेरै पालामा सुरु भएको यो सडक निर्माण कार्यलाई पूरा गर्ने मेरा योजना छ।' दिपायलमा ५० सय्याको अस्पताल सञ्चालन, त्रिभुवन विश्वविद्यालय मातहत डोटीमा इन्जिनियरिङ्ग क्याम्पस सञ्चालन, केआइसिंह-शिखर-जोरायल तेलेमार्ग निर्माण, सहजपुर-जोरायल-मुडभरा द्रुत मार्ग निर्माण, वायल-अल्लेवन-घाट लाउने-कोलाखान-सात्फरी सडक स्तरोन्नति गर्ने योजना भट्टले आफ्नो प्रतिवद्धतापत्रमा समावेश गरेका छन्। आफू निर्वाचित भएर गएपछि पश्चिम सेती र एसआर सिक्स जलविद्युत आयोजना निर्माण कार्य अगाडि बढाउन सदनमार्फत सरकारलाई निरन्तर दवाव दिने प्रतिवद्धता उनले जनाए। सुदूरपश्चिमको प्रमुख पर्यटकीय गन्तव्य खप्तड क्षेत्रको विकासका लागि खप्तड क्षेत्र विकास कोष स्थापनाको योजनालाई पनि उनले अघि सारेका छन्। आफू मुख्यमन्त्री भएका बेला डोटीमा धेरै योजनाहरु कार्यान्वयन भए पनि क्रमागत कतिपय योजना पछिल्ला सरकारले वास्ता नगर्दा अलपत्र अवस्थामा रहेको उनले बताए। आफ्नो कार्यकालमा डोटीमा मात्र करिब एक सय ३० किलोमिटर सडक कालोपत्रे भएको, अधिकांश विद्यालयका भवन निर्माण, ५० सय्याको अस्पताल भवन, जिल्ला अस्पतालदेखि प्रादेशिक अस्पतालको सेवा स्तरोन्नति गरेको उनले दावी गरे। आफू मुख्यमन्त्री हुँदा सडक, शिक्षा, स्वास्थ्य, खानेपानी, पूर्वाधार निर्माणका थुप्रै योजनाहरु डोटीमा कार्यान्वयन भएको दावी गर्दै उनले विगतका कामको मूल्याकंन गरेर मतदाताले आफूलाई निर्वाचित गराउँछन् भन्नेमा विश्वस्त रहेको बताए। त्यसबेला र अहिले डोटीमा आउने योजना र बजेटमा ठूलो अन्तर रहेको भट्टको दावी छ। पाँच वर्ष मुख्यमन्त्री हुँदा डोटीसहित सिंगो सुदूरपश्चिमको विकासका लागि इमान्दारितापूर्वक प्रयास गरेँ पूर्वाधार विकाससँगै कानुन निर्माणलगायत क्षेत्रमा त्यसबेला र पछि भएका कामको तुलना नागरिकले गरेकै होलान् पूर्वमुख्यमन्त्री भट्टले भने, 'मैले विगतमा आफू पदमा हुँदा इमान्दारितापूर्वक गरेको कामका आधारमा पनि यसपालि जनताले मलाइ निर्वाचित गराउँछन् भन्ने विश्वास लिएको छु। नेकपाका उम्मेदवार भट्ट गत २०७९ को चुनावमा भने उम्मेदवार बनेननू्।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला।

प्रदेश अस्पतालको जनहितमा जारी सन्देश !

'सुन्दर व्यवस्थित साधन सम्पन्न समग्र स्वास्थ्य सेवाको सञ्जाल, सामुदायिक संगलग्नता र सहयोगयुक्त उत्कृष्ट नमूना प्रदेश अस्पताल'

प्रदेश अस्पतालबाट दिईने सेवाहरू :

- ❐ पेट, छाती, मुटु, हाडजोर्नी तथा नसा, बाल रोग, स्त्री रोग तथा प्रसूति निःसन्तान, जनरल सर्जरी अप्रेशन सम्बन्धी सेवा
- ❐ २४ सै घण्टा इमरजेन्सि र ल्याव सेवा, अल्ट्रासाउण्ड भिडियो एक्सरे सेवा
- ❐ ईन्डोस्कोपी इ.सी.जी. र इको कार्डियोग्राफि सेवा, गरीब असहायलाई निःशुल्क सेवा
- ❐ पाठेघर खस्ने समस्याको निःशुल्क शल्यक्रिया गरिने, पिसाब चुहिने रोगको जाँच तथा उपचार सेवा
- ❐ नाक, कान, घाँटी, छाला, यौन तथा कुष्ठरोग, मनोरोग सम्बन्धी सेवा
- ❐ फिजियोथेरापी, डायलसिस, प्याथोलोजी, आई.सि.यु. न्युरो आई.सि.यु. तथा एन आई.सि.यु, र अस्पताल फार्मेसी सेवा २४ सै घण्टा
- ❐ मेमोग्राफी, मृगौलाको पत्थर नचिरेर फुटाउने तथा लेजरबाट मृगौलाको पत्थर को शल्यक्रिया सेवा
- ❐ हर्निया, एपेन्डिक्सको नचिरेर मेसिनबाट शल्यक्रिया, न्युरो सर्जरी तथा स्पाईन सर्जरी सेवा
- ❐ दाँत तथा मुख सम्बन्धि सेवा र २४ सै घण्टा एम्बुलेन्स तथा शव वाहन सेवा

प्रदेश अस्पताल
वीरेन्द्रनगर सुर्खेत

◆ अरूले गरेको धूमपानको असरले हरेक वर्ष १० लाखन्दा बढी मानिसको मृत्यु हुने गरेको छ।
◆ धूम्रपान नगर्ने तर अरूले गरेको धूम्रपानको सम्पर्कमा आउन व्यक्तिहरूमा फोक्सोको क्यान्सर हुने जोखिम बढ्छ।
◆ आगलागीका घटना र त्यसबाट मृत्यु हुने एउटा प्रमुख कारण चुरोट पनि हो।
◆ ई-सिगरेटहरूले पनि छेउछाउमा रहेका धूम्रपान नगर्ने अन्य व्यक्तिमा निकोटिन र हानिकारक रसायनको सञ्चार गर्दछ।
◆ अरूले गरेको धूम्रपानको सम्पर्कमा आउँदा यसले क्षयरोगको सुसुप्त सङ्क्रमणलाई सक्रिय रोगको रूपमा विकास हुने जोखिम बढाउँछ।
◆ अरूले गरेको धूम्रपानको सम्पर्कमा आउँदा यसले टाइप २ मधुमेह विकास गराउँछ।
◆ बालबालिकाको वरिपरि धूमपान गर्दा वा ई-सिगरेट पिउँदा यसले उनीहरूको स्वास्थ्य र सुरक्षाका लागि जोखिम निम्त्याउँछ।
◆ सुर्तीले तपाईको दाँत पहेँलो हुन्छ र दाँतको वरिपरि धेरै फोहर (दन्तेलेउ) बढाउँछ।
◆ धूम्रपान र घूँवारहित सुर्तीको सेवनले सास गन्नाउँछ।
◆ धुम्रपान तथा सुर्तिजन्य पदार्थबाट आर्थिक सामाजिक सांस्कृतिक जीवनमा असर पार्नुको साथै स्वास्थ्य जीवनमा ठूलो नकारात्मक असर पार्दछ।
◆ धूम्रपान गर्नेका छोराछोरीको फोक्सोको कार्य क्षमता कमजोर हुन्छ र वयस्क अवस्थामा पुगे पछि उनीहरूलाई श्वास प्रश्वास सम्बन्धी दीर्घ समस्याले सताउँछ।

स्वास्थ्य सेवा निर्देशनालय
वीरेन्द्रनगर सुर्खेत

दुल्लू नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
दुल्लू, दैलेख
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

१. खरिद गरेको समानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने।
२. नापतौन सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने।
३. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत यौगशील प्रयोग गर्ने। १६, स्वच्छ पानी र स्वच्छ कच्च्या पदार्थको प्रयोग गर्ने।
४. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ।
५. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने।
६. उद्योग व्यवसाय संञ्चालनका लागि अनिवार्य सरकारी निकायवाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ।
८. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ।
९. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ।
१०. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं।
११. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ।
१२. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ।
१३. ढाँटी भुक्काइ कम गुणस्तरको खाद्य वस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१४. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं।
१५. जथाभावी ढुंगा गिट्टि, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगरौं।
१६. बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रुख रोपौ, वन जोगाऔं।
१७. विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं।
१८. खानेपानीका मुहानहरु सदैव सफा राखौ।

वनगाड कुपिण्डे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
देवस्थल, सल्यान
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

१. खरिद गरेको समानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने।
२. नापतौन सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने।
३. खानेपानीका मुहानहरु सदैव सफा राखौ।
४. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ।
५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत यौगशील प्रयोग गर्ने। १६, स्वच्छ पानी र स्वच्छ कच्च्या पदार्थको प्रयोग गर्ने।
६. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ।
७. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ।
८. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ।
९. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ।
१०. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं।
११. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ।
१२. ढाँटी भुक्काइ कम गुणस्तरको खाद्य वस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१३. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं।
१४. उद्योग व्यवसाय संञ्चालनका लागि अनिवार्य सरकारी निकायवाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ।
१५. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने।
१६. जथाभावी ढुंगा गिट्टि, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगरौं।
१७. बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रुख रोपौ, वन जोगाऔं।
१८. विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं।

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : सुशीलराज शर्मा, कार्यालयः वीरेन्द्रनगर-४, सुर्खेत, फोनः ०८३-५२२१७३/९८५८०५०५०५, web : kankrebihar.com, Email : kankrebihardaily@gmail.com मुद्रणः मिसन अफसेट प्रेस